# सहकारी आचार संहिता
# २०७८

प्रकाशक:

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
पूल्चोक, ललितपुर

सहयोगी:

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरवार, काठमाडौं

# सहकारी आचार संहिता
## २०७८

प्रकाशक:

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
पूल्चोक, ललितपुर

सहयोगी:

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरवार, काठमाडौं

**प्रकाशक** :
**राष्ट्रिय सहकारी महासंघ लि. नेपाल**
पूल्चोक, ललितपुर
फोन नं. ०१-५०१०११६, ५०१००३३
इमेल : ncf@wlink.com.np, ncfcoop@gmail.com
वेवसाइट : www.ncfnepal.com.np

**प्रकाशन सहयोगी**:
नेपाल सरकार
**भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय**
सिंहदरवार, काठमाडौं

**प्रथम संस्करण**:
१,०००/- प्रति

© सर्वाधिकार प्रकाशक

**मुद्रक** :
एनिटाईम प्रिन्टिङ एण्ड सप्लायर्स प्रा. लि.
बुद्धनगर, काठमाडौं

# विषय-सूची


| | | |
|---|---|---|
| प्रस्तावना | | १ |
| १. | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २. | परिभाषा | १ |
| ३. | आचारसंहिता लागु हुने पदाधिकारी, समिति/उपसमितिका सदस्य, साधारण सदस्य एवं कर्मचारी | ३ |
| ४. | संघ/संस्थाका पदाधिकारी समिति/उपसमितिका सदस्य, साधारण सदस्य एवं कर्मचारीले पालन गर्नुपर्ने आचरण | ३ |
| ४.१ | स्वतन्त्रता सम्वन्धी आचरण | ३ |
| ४.२ | समानता र निष्पक्षता सम्वन्धी आचरण | ४ |
| ४.३ | आर्थिक अनुशासन र सदाचार सम्वन्धी आचरण | ४ |
| ४.४ | पेशागत तथा पदीय आचरण | ५ |
| ४.५ | व्यक्तिगत र सामाजिक आचरण | ७ |
| ४.६ | नैतिक आचारण | ७ |
| ४.७ | कर्मचारीले पालना गर्नुपर्ने थप आचारण | ८ |
| ५ | अनुगमनमा खटिने पदाधिकारी एवं कर्मचारीले पालन गर्नुपर्ने आचरण | ९ |
| ५.१ | सुचनाको गोपनियता र सुचना प्रविधि सम्बन्धी आचरण | ९ |
| ५.१.१. | गोपनियता सम्बन्धी | ९ |
| ५.१.२ | सूचना प्रवाह | १० |
| ५.१.३ | सम्मानजनक व्यवहार गर्नुपर्ने | १० |
| ५.१.४ | कार्यालयमा रहदा र अनुगमनमा खटिनुपूर्व पालना गर्नुपर्ने | ११ |
| ५.१.५ | अनुगमन पश्चात गर्नुपर्ने कार्य | ११ |
| ६. | आचारसंहिताको अनुगमन | ११ |
| ७. | परिपालना वा कार्वाही | १२ |
| ८. | विविध | १२ |
| ९. | खारेजी र वचाउ | १२ |

## प्रस्तावना

सहकारीको दर्शन, मूल्य, मान्यता, सिद्धान्त, ऐन, नियम एवंम विनियमहरूका आधारमा सहकारीकर्मीहरूको मर्यादित तथा विश्वसनीय आचरण, व्यवहार र सर्वमान्य व्यवहारिक अभ्यास स्थापित गरी सहकारी संघ/संस्थामा शुसाशन कायम गर्न वाञ्छनीय भएकाले, सहकारी नियमावली २०७५ को नियम २० को खण्ड (छ) र राष्ट्रिय सहकारी महासंघको विनियम २०५० (संशोधन सहित) को दफा ५ को खण्ड (१) र (९) को प्रयोजनार्थ राष्ट्रिय सहकारी महासंघद्वारा यो **सहकारी आचार संहिता, २०७८** तयार गरी लागू गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१. यो आचार संहिताको नाम "सहकारी आचार संहिता–२०७८" रहेको छ । यस आचार संहितालाई अङ्ग्रेजीमा "Co-operative Code of Conduct - 2078" भनिनेछ ।

२. यो आचार संहिता राष्ट्रिय सहकारी महासंघले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

## २. परिभाषा

विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस आचार संहितामाः

२.१ "आचारसंहिता" भन्नाले सहकारी आचार संहिता–२०७८ सम्झनुपर्छ ।

२.२ "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनुपर्छ र सो शब्दले प्रदेश सहकारी ऐन वा स्थानीय सहकारी ऐन समेतलाई जनाउनेछ ।

२.३ "कर्मचारी" भन्नाले सहकारी संघ/संस्थामा कार्यरत कर्मचारीहरूलाई सम्झनुर्पछ ।

२.४ "विनियम" भन्नाले सहकारी संघ/संस्थाको विनियमलाई सम्झनुपर्छ

२.५ "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनुपर्छ र सो शब्दले प्रदेश सहकारी नियमावली वा स्थानीय सहकारी नियमावली समेतलाई जनाउनेछ ।

२.६ "नियमनकारी निकाय" भन्नाले सहकारी विभाग, प्रदेश एवं स्थानीय तह अन्तरगतका सहकारी विभाग/कार्यालय/शाखा सम्झनु पर्दछ ।

२.७ “पदाधिकारी” भन्नाले सहकारी संघ/संस्थाका सञ्चालक समितिका अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई सम्झनुपर्छ । साथै, सो शव्दले लेखा सुपरिवेक्षण समिति संयोजक तथा सम्वन्धित सहकारी संघ संस्थाको विनियममा उल्लेखित अन्य पदाधिकारीहरू समेतलाई जनाउनेछ ।

२.८ “महासङ्घ” भन्नाले राष्ट्रिय सहकारी महासङ्घ लिमिटेड सम्झनुपर्छ ।

२.९ “लेखा सुपरिवेक्षण समिति” भन्नाले सहकारी ऐन बमोजिम निर्वाचित लेखा सुपरिवेक्षण समितिलाई सम्झनुपर्छ ।

२.१० “संघ” भन्नाले जिल्ला, प्रदेश र केन्द्रिय स्तरका सहकारी संघलाई सम्झनुर्पछ । साथै उक्त शब्दले राष्ट्रिय सहकारी बैक, विशिष्टिकृत सहकारी संघ र राष्ट्रिय सहकारी महासंघ समेतलाई जनाउदँछ ।

२.११ “समिति” भन्नाले सहकारी ऐन बमोजिम निर्वाचित संचालक समिति सम्झनुर्पछ ।

२.१२ “समितिका सदस्य” भन्नाले सहकारी संघ/संस्थाका सञ्चालक समितिका सदस्यलाई सम्झनुपर्छ । साथै सो शव्दले लेखा सुपरिवेक्षण समितिका सदस्य समेतलाई जनाउनेछ ।

२.१३ “सदस्य” भन्नाले सहकारी ऐन, र सहकारी संघ संस्थाको विनियम बमोजिम रितपूर्वक सदस्यता प्राप्त गरेका ब्यक्ति वा संघ/संस्था सम्झनुर्पछ ।

२.१४ “संस्था” भन्नाले विषयगत वा वहुउद्देस्यीय प्रारम्भिक सहकारी संस्थाहरूलाई सम्झनुपर्छ ।

२.१५ “सरोकारवाला” भन्नाले सहकारी संघ/संस्थासंग प्रत्यक्ष वा परोक्ष रूपमा सम्वन्ध राख्ने सरकारी तथा गैरसरकारी निकाय, संघ/संस्था सम्झनुपर्छ ।

२.१६ “सहकारीकर्मी” भन्नाले सहकारी महासंघ तथा संघ/संस्थाका पदाधिकारी, राष्ट्रिय प्रतिनिधि, सल्लाहकार, समितिका सदस्यहरू, अन्य सदस्यहरू र कर्मचारीहरू सम्झनुपर्छ ।

२.१७ “सहकारी मूल्य” भन्नाले स्वावलम्वन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारिता, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाह लगायतका अन्तराष्ट्रिय मान्यताप्राप्त सहकारी मूल्यहरू सम्झनुपर्छ ।

२.१८ "सहकारी सिद्धान्त" भन्नाले खुला तथा स्वेच्छिक सदस्यता, सदस्यको प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरूको आर्थिक सहभागिता, स्वायत्तता तथा स्वतन्त्रता, शिक्षा तालीम तथा सूचना, सहकारीहरू विच सहयोग र समुदायप्रतिको चाँसो लगायतका अन्तराष्ट्रिय मान्यताप्राप्त सहकारी सिद्धान्तहरू सम्झनुपर्छ ।

## ३) आचारसंहिता लागु हुने पदाधिकारी, समिति/उपसमितिका सदस्य, साधारण सदस्य एवं कर्मचारी

देहाय बमोजिमका व्यक्तिहरूले यो आचारसंहिताको पालन गर्नुपर्दछ ।

३.१ महासंघका पदाधिकारी, समिति/उपसमितिका सदस्य, साधारण सदस्य तथा कर्मचारी,

३.२ महासंघमा आवद्ध संघ/संस्थाका राष्ट्रिय प्रतिनिधि, पदाधिकारी, समिति/उपसमितिका सदस्य तथा कर्मचारी,

३.३ संघ/संस्थामा कार्यरत पदाधिकारी, समिति/उपसमितिका सदस्य तथा कर्मचारी,

३.४ संघ/संस्थाले कानुन बमोजिम सहकारी संघ/संस्थामा अनुगमनको लागि खटाएका वा महासंघबाट अधिकार प्राप्त अन्य निकायका पदाधिकारी,

३.५ संघ/संस्थामा नियुक्त भएका सल्लाहकार, विशेषज्ञ, विज्ञ तथा अन्य व्यक्ति,

## ४) संघ/संस्थाका पदाधिकारी समिति/उपसमितिका सदस्य, साधारण सदस्य एवं कर्मचारीले पालन गर्नुपर्ने आचरण

### ४.१ स्वतन्त्रता सम्वन्धी आचरण

४.१.१ संघ/संस्थाका संचालक तथा लेखा समितिका पदाधिकारी तथा सदस्यहरू, साधारण सदस्यहरू, तथा कर्मचारीहरूले नेपालको सार्वभौमिकता, स्वतन्त्रता र भैगोलिक अखण्डता विपरित हुने गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै प्रकारको कार्य गर्नु गराउनु हुदैन ।

४.१.२ संघ/संस्थाका पदाधिकारी, समिति/उपसमितिका सदस्य, साधारण सदस्य र कर्मचारीहरूले सहकारीको कार्यगत तथा संस्थागत स्वतन्त्रता, निष्पक्षता र सदाचारिता विपरित कार्य गर्नु गराउनु हुदैन ।

४.१.३ पदीय कर्तव्य निर्वाह गर्दा कसैको प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह, पूर्वाग्रह आदिवाट प्रभावित नभई स्वतन्त्रतापूर्वक कार्यसम्पादन गर्नु पर्दछ ।

४.१.४ कार्यसम्पादनको शिलशिलामा कुनै पदाधिकारी वा कर्मचारीहरूलाई हस्तक्षेप गर्न वा अनुचित प्रभाव पार्न वा दवाव दिनुहुदैन ।

## ४.२ समानता र निष्पक्षता सम्वन्धी आचरण

४.२.१ संघ/संस्थामा कार्यरत पदाधिकारी, समिति/उपसमितिका सदस्य, साधारण सदस्य तथा कर्मचारीले आफ्नो पदीय दायित्व निर्वाह गर्दा धर्म, वर्ण, लिंग, जातजाति, उत्पत्ति, भाषा, बैचारिक आस्था, क्षेत्रीयता आदि कुराहरूको आधारमा कसैलाई भेदभाव गर्नु हुदैन ।

४.२.२ पदीय जिम्मेवारी पुरा गर्दा राजनीतिक तठस्थता कायम गर्नु पर्दछ ।

४.२.३ आफ्नो पदीय कार्यसम्पादन गर्दा कुनैपनि पूर्वाग्रह पक्षपात वा भेदभाव गर्नु हुदैन ।

४.२.४ संघ/संस्थाको हित विपरित आफ्नो नातेदार वा आफ्नो निकट व्यक्तिलाई कुनै काम गराउन वा नगराउन प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभाव पार्नु हुदैन ।

## ४.३ आर्थिक अनुशासन र सदाचार सम्वन्धी आचरण

४.३.१ संघ/संस्थाका पदाधिकारी, समिति/उपसमितिका सदस्य, साधारण सदस्य एवं कर्मचारीले इमान्दारिता, सदाचारिता र सत्चरित्रको अवलम्वन गर्नुपर्दछ ।

४.३.२ कानून वमोजीम सार्वजनिक निकाय वा संस्थालाई फर्छ्योट गर्नुपर्ने वा वुझाउनुपर्ने रकम, दण्ड जरीवाना वा महशुल तोकीएको समयमै वुझाउनु पर्दछ ।

४.३.३ आफू वा कसैलाई अनुचित लाभ पूग्ने गरी आफ्नो ओहोदा एवं अख्तियारी प्रयोग गर्नु हुदैन ।

४.३.४ संघ/संस्थामा संलग्न वा कार्यरत भएको कारणले प्राप्त गरेको सूचनालाई आधार वनाएर कुनै प्रकारको व्यक्तिगत लाभ लिनु हुदैन ।

४.३.५ आफू पदाधिकार वा कार्यरत रहेको सहकारी संघ/संस्थाको सहमती विना सहकारीको तर्फवाट कुनै प्रकारको अनधिकृत प्रतिवद्धता वा प्रतिज्ञा गर्नु हुदैन ।

## ४.४ पेशागत तथा पदीय आचरण

४.४.१ सहकारी मूल्य, मान्यता, सिद्धान्त तथा सहकारी ऐन, नियमावली र आफू आवद्द संघ/संस्थाको विनियम तथा कार्यविधिको इमान्दारीपूर्वक पालना गर्नुपर्दछ ।

४.४.२ संघ/संस्थाले आयोजना गरेका वैठक, गोष्ठी, अन्तरक्रिया लगायतका कार्यक्रमहरूमा निर्धारित समयमा उपस्थित हुने र कार्यक्रम अवधिभर सक्रियतापूर्वक सहभागी हुनुपर्दछ ।

४.४.३ समिति/उपसमितिको वैठकमा विषयमा केन्द्रित भई छलफल गर्ने र संस्थागत हितलाई सर्वोपरी मानेर निर्णय प्रक्रियामा सहभागी हुनुपर्दछ ।

४.४.४ राजनीतिक आस्था वा नातेदार वा निकटतम व्यक्तिका आधारमा उपसमितिहरू गठन र सेवा सुविधामा समेत विभेद गर्नु हुदैन ।

४.४.५ योग्यता क्षमता र दक्षताको आधारमा पारदर्शी रूपमा कर्मचारी नियुक्ति, सरूवा, वढुवा, मूल्याङ्कन एवं प्रोत्साहन गर्नुपर्दछ । नाता सम्बन्ध, दवाव एवं अन्य प्रभावका आधारमा पुरस्कार/सजायमा विभेद गर्न पाइदैन ।

४.४.६ आफ्नो पदीय जिम्मेवारी पूर्णपालन गर्नुपर्दछ र पदीय जिम्मेवारी पालना गर्दा आफ्नो हक अधिकार सुविधा वा सहुलियतको दुरूप्रयोग गर्नु हुदैन ।

४.४.७ संघ/संस्थामा उपलव्ध श्रोत साधनको अधिकतम मितव्ययिता अपनाई सदुपयोग गर्नुपर्दछ ।

४.४.८ संघ/संस्थाको हित विपरित हुने कुनै पनि क्रियाकलापमा संलग्न हुनु हुदैन ।

४.४.९ व्यक्तिगत लाभ हुने गरी कुनै प्रकारको दान, दातव्य, उपहार, पुरस्कार वा चन्दा लिन दिन तथा यस्तै प्रकारको सहयोग उठाउने कार्यमा संलग्न हुनुहुदैन ।

४.४.१० नाता सम्बन्ध, भनसुन, दवाव तथा राजनीतिक एवं अन्य प्रभावका आधारमा सदस्य तथा कर्मचारीहरूलाई दिइने सेवा सुविधामा विभेद गर्नु हुदैन ।

४.४.११ संघ/संस्थाको परिसरभित्र तथा आयोजित कार्यक्रमहरूमा कार्यक्रम अवधिभर मध्यपान तथा धुम्रपान सेवन गर्नु गराउनु हुदैन ।

४.४.१२ संघ/संस्थाबाट विना प्रयोजन कुनै पनि प्रकारको पेश्की लिन हुदैन । कार्यक्रमका लागि लिएको पेश्की प्रचलित कानूनको म्यादभित्र फछ्र्योट गर्नु पर्दछ ।

४.४.१३ संघ/संस्था तथा कुनै बैंक, वित्तीय संस्थामा ऋणको लागि जमानी वसेको भए ऋणीवाट ऋण चुक्ता गर्न गराउन पहल गर्ने र ऋणीले ऋण नवुझाएमा त्यस्को दायीत्व फछ्र्यौट गर्ने गराउने गर्नुपर्दछ ।

४.४.१४ संघ/ संस्थामा बुझाउनु पर्ने ऋण किस्ता समयमा नै चुक्ता गर्नु पर्ने र कुनै पनि प्रकारको हिनामिना गर्न वा त्यस्तो कार्यमा संलग्न हुनु हुदैन ।

४.४.१५ संघ/संस्था तथा कुनै बैंक, वित्तीय संस्थामा तिर्नु वुझाउनु पर्ने ऋण नतिरी कालो सूचीमा सुचिकृत भएको हुनु हुदैन ।

४.४.१६ आवद्ध संघ/संस्थाको व्यवसायसँग प्रत्यक्ष रूपमा प्रतिस्पर्धा देखिने खालको कुनै व्यक्तिगत व्यवसाय वा कारोवार संचालन गर्नु हुदैन । सहकारीको मर्यादा र गरीमा तथा स्वतन्त्रतामा आँच आउने खालको कुनै काम कार्वाही गर्नु गराउनु हुदैन र त्यस्ता कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न हुनुहुदैन ।

४.४.१७ व्यक्तिगत लाभ आर्जन हुने गरी आफु आवद्ध रहेको संघ/संस्थासंग कुनै प्रकारको शर्त, सम्झौता, करार गरी कुनै ठेक्का, पट्टा वा योजना संचालनमा संलग्न हुनुहुदैन ।

४.४.१८ सदस्य तथा समुदायको हितका लागि लैगिंक हित प्रवर्द्धन, जलवायु परिवर्तन, वातावरण संरक्षण, खाद्य सुरक्षा, भोकमरी तथा गरिबी न्यूनिकरण लगायत दिगो विकासका लक्ष्यहरू हासिल गर्न तदनुरूपका नीति, विधि, व्यवहार र कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयनमा सक्दो योगदान गर्नुपर्दछ ।

४.४.१९ आवद्ध संघ/संस्थाहरू तथा माथिल्लो संघका गतिविधि तथा आव्हानहरूमा सक्रिय सहभागी हुनुका साथै अभियानका साझा समस्या, चुनौती र चाँसोका विषयहरू समाधानार्थ पहलकदमी एवं आपसी ऐक्यवद्धता प्रर्दशन गर्नु पर्दछ ।

४.४.२० संघ/संस्थाका सभा, समारोह तथा अन्य कार्यक्रमहरूमा छोटो छरितो संवोधन, आशनग्रहण र सहकारीकर्मी सहित सीमित अतिथिहरू आमन्त्रण गरी कार्यक्रम गर्नु गराउनु पर्दछ ।

४.४.२१ आफ्नो कार्यकक्षबाट बाहिर जाँदा कार्यकक्षमा प्रयोग भइरहेका कम्प्यूटर, बत्ती, हिटर, ए.सी., पंखा लगायतका उपकरण बन्द गरेर मात्र जानु पर्दछ ।

४.४.२२ कार्यकक्ष वा कार्यालय हाताभित्र सफा राख्ने, राख्न लगाउने वा सोका लागि सम्बन्धित पक्षलाई समयमै जानकारी गराउनु पर्दछ ।

४.४.२४ सवै सेवाग्राही सदस्य वा सरोकारवाला प्रति मानवोचित, शिष्ट र मर्यादित व्यवहार गर्नु पर्दछ ।

## ४.५ व्यक्तिगत र सामाजिक आचरण

४.५.१ आफ्नो वा कसैको व्यक्तिगत लाभ वा प्रतिशोधका लागि सहकारी नियमन गर्ने निकायमा उजुरी दर्ता वा कुनै कार्य गर्न गराउन लगाउनु हुदैन ।

४.५.२ संघ/संस्थाको इज्जत, प्रतिष्ठा, मर्यादा र गरीमा कायम राख्न सदा प्रयत्नशिल रहनुपर्दछ । साथै संघ/संस्थामा काम गरी अवकाश प्राप्त पदाधिकारी, समिति/उपसमितिका सदस्य, साधारण सदस्य एवं कर्मचारीले समेत अनुशासन, सदाचार र उच्च नैतिक आचरण प्रस्तुत गर्नुपर्दछ ।

४.५.३ सामाजिक जमघट, होटल, रेष्टुरेन्ट तथा पार्टीप्यालेस जस्ता सार्वजनिक स्थानहरूमा मर्यादित व्यवहार देखाउनु पर्दछ । विवाह, पुजाआजा जस्ता सामाजिक कार्यहरू गर्दा भड्किलो र खर्चिलो गर्नुहुदैन ।

४.५.४ कुनै प्रकारको लैङ्गिक हिंसा, छुवाछुत, वालश्रम जस्ता गैरकानूनी कार्यहरू गर्नु हुदैन ।

## ४.६ नैतिक आचारण

४.६.१ सदस्यहरूविच कुनै किसिमको लैङ्गिक हिंसाजन्य व्यवहार गर्नु गराउनु हुदैन ।

४.६.२ कार्यालय हाताभित्र मध्यपान तथा धुम्रपान गर्नुहुदैन ।

४.६.३ एक अर्काका धार्मिक, सँास्कृतिक रितीरिवाज तथा राजनीतिक आस्था, जातीय परम्परा आदि प्रति सम्मान गर्दै आपसमा सहिष्णुता अपनाउनु पर्दछ ।

४.६.४ प्रचलित कानून विपरित हुने गरी बहुविवाह, बाल विवाह र अनमेल विवाह गर्नु गराउनु हुँदैन ।

## ४.७ कर्मचारीले पालना गर्नुपर्ने थप आचारण

४.७.१ सहकारीको दर्शन, मूल्य, मान्यता, सिद्धान्तहरु तथा ऐन, नियम र आफू कार्यरत संघ/संस्थाको नीति, रणनीति, विनियम, कार्यविधिहरू एवं निर्देशिकाहरूको पूर्ण पालना गर्नुपर्दछ ।

४.७.२ संस्थागत मूल्य र मान्यतालाई शिरोपर गरी कार्यसम्पादन गर्नुपर्दछ ।

४.७.३ निष्पक्ष एवं पारदर्शी ढंगले आफ्नो पदीय जिम्मेवारी बहन गर्नुपर्दछ ।

४.७.४ व्यक्तिगत लाभ आर्जन गर्ने अभिप्रायले आफु आवद्ध रहेको संघ/संस्थासंग वा आफ्नो पदको दुरूपयोग हुने गरी कुनै ब्यक्ति, संघ/संस्थाहरूसंग कुनै प्रकारको कारोवार गर्नुहुदैन ।

४.७.५ आफ्नो पदको दुरूपयोग हुने गरी कार्यालयको चलअचल सम्पत्तिको अनधिकृत रूपमा प्रयोग गर्नुहुदैन ।

४.७.६ निर्धारित समयमा कार्यालयमा उपस्थित भई आफ्नो पदीय कर्तव्य तत्परताका साथ पुरा गर्नु पर्दछ ।

४.७.७ कार्यसम्पादनका क्रममा आफूभन्दा माथिको अधिकारीले दिएका जिम्मेवारीलाई शिघ्रताका साथ पुरा गर्नुपर्दछ ।

४.७.८ आफ्नो पदीय हैसियत वा कार्यालयको सूचना वा जानकारीको आवश्यक गोपनियता कायम राखी आफ्नो कार्यालयको अहित हुनेगरी आफू वा कसैको व्यक्तिगत फाइदाको लागि प्रयोग गर्नुहुँदैन ।

४.७.९ आफ्नो कार्यालय तथा कार्यालयको प्रतिनिधित्व गरी औपचारिक कार्यक्रममा भाग लिंदा तोकीएको पोशाक अनिवार्य रूपमा लगाउनु पर्दछ ।

४.७.१० आफ्नो संघ/संस्थाले उपलब्ध गराएको परिचयपत्र कार्यालय समयमा अनिवार्य रूपमा धारण गर्नुपर्दछ ।

४.७.११ आफ्नो संघ/संस्थाको नीति विपरित हुने गरी विचार व्यक्त गर्न वा आलोचना गर्न वा कुनै किसीमको वक्तव्य निकाल्न वा प्रचार प्रसार गर्नुहुदैन ।

४.७.१२ पदस्थापन वा सरूवा गरिएको विभाग, कार्यालय वा सेवाकेन्द्रमा तोकिएको अवधिभित्र हाजिर भई पदीय जिम्मेवारी अनुसारको कामकाज गर्नु पर्दछ ।

४.७.१३ कुनै पनि राजनीतिक आस्थाका आधारमा विभेद नगरी तठस्थ व्यवहार गर्नुपर्दछ ।

४.७.१४ कर्मचारीले सक्रिय राजनीतिमा संलग्न हुनुहुदैन । कार्यालयमा कुनै राजनीतिक दल वा तिनका भातृ संगठनको समर्थन वा विरोधमा सार्वजनिक रूपमा कुनै विचार व्यक्त गर्न वा चुनावी प्रचार प्रसारमा संलग्न हुनु हुँदैन ।

४.७.१५ आफू कार्यरत संघ/संस्थाका पदाधिकारी, सञ्चालक, सदस्य एवं आफूभन्दा माथिका कर्मचारीप्रति उचित आदर र आफूभन्दा तलका कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्दछ ।

४.७.१६ संघ/संस्थाको तर्फवाट कही औपचारिक/अनौपचारिक रूपमा प्रतिनिधित्व गर्दा आफ्नो संस्थागत गरीमालाई उँचो राख्ने गरी काम गर्नु पर्दछ ।

४.७.१७ कार्यालयको कार्यसम्पादनका क्रममा तयार भएका विवरणहरूको अद्यावधिक अभिलेख राख्नुपर्दछ । त्यस्तो अभिलेख आवश्यक्तानुसार सम्वन्धित अधिकारी समक्ष पेश गर्नुपर्दछ ।

४.७.१८ कार्यालय समयमा कार्यालयको कामसँग असम्बन्धित कुनै पनि कृयाकलापमा संलग्न हुनु हुदैन ।

४.७.१९ कार्यालयको श्रोत साधनको मितव्ययीतापूर्वक उपयोग गर्नु पर्दछ ।

४.७.२० आफू कार्यरत सहकारी संघ/संस्था र सदस्यहरूको वृहत्तर हितलाई प्राथमिकता दिनुपर्दछ ।

४.७.२१ कर्मचारीहरूले आवश्यकता पर्दा सार्वजनिक बिदा वा कार्यालय समय अघि र पछिको समयमा पनि उपस्थित रही तोकिएको कार्य सम्पादन गर्न सदैव तत्पर रहनुपर्दछ ।

४.७.२२ आफ्नो काम र पेशासँग सम्बन्धित विषयको अध्ययन वा तालिमप्रति उत्सुक भई अद्यावधिक ज्ञान र सीपबाट सुसूचित हुनुपर्दछ ।

४.७.२३ कार्यालय समयमा कम्प्यूटरमा खेल खेल्ने, सामाजिक सञ्जालमा रमाउने, गीत बजाउने, अनधिकृत वेभसाइटहरू प्रयोग गर्ने गर्नु हुदैन ।

## ५ अनुगमनमा खटिने पदाधिकारी एवं कर्मचारीले पालन गर्नुपर्ने आचरण

### ५.१ सुचनाको गोपनियता र सुचना प्रविधि सम्बन्धी आचरण

#### ५.१.१. गोपनियता सम्बन्धी

क) संघ/संस्थाको अनुगमनकर्ताले अनुगमन गर्ने स्थान र अनुगमन गरिने संघ/संस्थाको वारेमा पूर्णत गोपनियता कायम गर्नु पर्दछ ।

ख) अनुगमनकर्ताले अनुगमन तथा निरिक्षणको शिलशिलामा निजलाई जानकारी हुन आएको कुनै सूचनाको गोपनियता प्रचलित कानूनले वाध्य गरेको अवस्थामा वाहेक अन्य अवस्थामा भंग गर्न हुदैन ।

**५.१.२ सूचना प्रवाह**

क) संघ/संस्थामा भैरहेको अनूचित क्रियाकलाप सम्वन्धमा कुनै पनि माध्यमवाट प्राप्त सूचना आफू भन्दा माथिको जिम्मेवार र सम्वन्धित पदाधिकारी तथा कर्मचारीलाई यथाशिघ्र उपलव्ध गराउनु पर्दछ ।

ख) सूचनाको हक सम्वन्धी ऐनले गोप्य राख्नु पर्ने भनी उल्लेख गरेको विषयहरू वाहेक अनुगमन सम्वन्धी सूचना सम्प्रेषण गर्नु पर्दा संघ/संस्थाको संचार रणनीति/कार्यविधि अनुसार कार्यालय प्रमुख वा सूचना अधिकारी मार्फत सूचना प्रवाह गर्नुपर्दछ ।

ग) संघ/संस्थाको अनुगमन सम्वन्धी कुनै विवरण आफ्नो वा अन्य कसैको फाइदाको लागि वा कसैलाई नोक्सान पार्ने नियतले प्रयोग गर्नुहुदैन ।

घ) अनुगमनको शिलशिलामा अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीले गम्भिर रुपमा अनूचित कार्य गरेको वा नाजायज फाइदा लिएको जानकारी पाएमा निरिक्षण अधिकारी, टोली प्रमुख वा संघ/संस्थाको कार्यालय प्रमुखलाई छिटो साधनद्वारा जानकारी गराउनुपर्दछ ।

**५.१.३ सम्मानजनक व्यवहार गर्नुपर्ने**

क) संघ/संस्थाको अनुगमनको क्रममा अनुगमन गरीने संघ/संस्थाका पदाधिकारी एवं कर्मचारीलाई सम्मानजनक व्यवहार गर्नुपर्दछ । अशिष्ट, अभद्र र अशोभनिय व्यवहार प्रदर्शन गर्नुहुदैन ।

ख) कसैलाई वदनियतपूर्वक दुख दिने नियतले कुनैपनि कार्य गर्नु गराउनु हुदैन ।

ग) अनुगमनकर्ताले आफूभन्दा माथिल्लो पदाधिकारी, सहकर्मी, तथा टोलीका सदस्यसंग अनावश्यक वादविवाद गर्ने वा धम्कीपूर्ण शव्द प्रयोग गर्ने कार्य गर्नु हुदैन ।

घ) सहकर्मीलाई विभेद गर्ने मनसायले साम्प्रदायिक लैंगिक जातिगत, प्रादेशिक र असभ्य भाषा प्रयोग गर्नुहुदैन ।

**५.१.४ कार्यालयमा रहदा र अनुगमनमा खटिनुपूर्व पालना गर्नुपर्ने**

क) अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीले संस्थावाट जारीभएको परिचयपत्र देखिने गरी लगाएको हुनुपर्छ ।

ख) टोलीको सदस्य अनुगमनमा खटिएपछि संयूक्त रूपमा अनुगमनमा जानुपर्दछ । खटाइएको स्थान र समय वाहेक एक्लै वा केही सदस्य मिली अनुगमनमा खटिनुहुदैन ।

ग) अनुगमनको लागि संघ/संस्थामा पुगेपछि सवभन्दा पहिले अनुगमनका उद्देश्यका वारेमा जानकारी गराउनुपर्दछ ।

घ) अनुगमनको क्रममा के कस्तो विषयको अनुगमन गर्ने र सोधपुछ गर्ने भन्ने सामान्य छलफल अनुगमन टोलीवीच हुनुपर्दछ ।

ङ) अनुगमनको क्रममा वा अनुगमन पश्चात सम्वन्धित संघ/संस्थालाई पत्राचार गर्दा अनुगमन टोलीले आदरपूर्वक संवोधन गरी शिष्ट भाषामा यथासम्भव संक्षिप्त रूपमा लेख्नुपर्दछ ।

**५.१.५ अनुगमन पश्चात गर्नुपर्ने कार्य**

अनुगमन कार्य सम्पन्न भएपछि अनुगमनकर्ताले अनुगमन गरिएको संघ/संस्थाको वस्तुस्थिति झल्कीने अनुगमन प्रतिवेदन १५ दिनभित्र तयार गरी सक्नुपर्दछ ।

## ६. आचारसंहिताको अनुगमन

यो आचारसंहितामा उल्लेखित आचरणको परिपालना भएनभएको सम्वन्धमा देहाए वमोजीमका पदाधिकारीवाट अनुगमन गरिनु पर्दछ ।

६.१ संघ/संस्थाका पदाधिकारी, समिति/उपसमितिका सदस्यको हकमा सम्वन्धित संघ/संस्था दर्ता वा नियमनकारी निकायका प्रमुख वा प्रमुखले खटाएको कर्मचारी वा माथिल्लो संघका पदाधिकारीवाट

६.२ संघ/संस्थाका साधारण सदस्यको हकमा संघ/संस्थाका अध्यक्ष वा निजले तोकेको पदाधिकारी, लेखा सुपरिवेक्षण समिति र

कार्यालय प्रमुखको हकमा पदाधिकारी वा लेखा सुपरिवेक्षण समितिले

६.३ अन्य कर्मचारीको हकमा कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठ कर्मचारीबाट

## ७. परिपालना वा कार्वाही

७.१ संघ/संस्थामा कार्यरत पदाधिकारी एवं कर्मचारीले यस आचारसंहितामा उल्लेखित आचरणको इमान्दारिताका साथ परिपालना गर्नुपर्दछ ।

७.२ यो आचारसंहिताको उलंङ्घन गरेमा आचरण विपरितको कार्य गरेको मानिनेछ र यो कार्यसम्पादन मूल्याङ्कनको आधार समेत हुनेछ ।

## ८. विविध

८.१ यो आचारसंहिताको संशोधन र परिमार्जन गर्ने अधिकार साधारण सभामा निहित हुनेछ ।

८.२ यो आचारसंहिता पालना सम्वन्धी विषयमा द्विविधा उत्पन्न भएमा संचालक समितिको निर्णयानुसार हुनेछ ।

८.३ यो आचारसंहिताका बुँदाहरू सहकारी ऐन, नियमावलीसँग बाँझिन गएमा वाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

८.४ प्रत्येक संघ/संस्थाले आआफ्नो छुट्टै आचारसंहिता वनाइ लागू गर्न सक्नेछन् । सो नवने सम्मका लागि ती संघ/संस्थाले यसै आचारसंहितालाई कार्यान्वयनमा ल्याई परिपालना गर्न गराउनु पर्नेछ ।

## ९. खारेजी र वचाउ

९.१ राष्ट्रिय सहकारी महासंघद्वारा जारी सहकारी आचार संहिता, २०६४ खारेज गरिएको छ ।

९.३ सहकारी आचार संहिता २०६४ बमोजीम भएगरेका काम कार्वाही यसै आचारसंहिता बमोजीम भए गरेको मानिनेछ ।

**राष्ट्रिय सहकारी महासंघ लि. नेपाल**
पूल्चोक, ललितपुर, नेपाल
पो.ब.नं. ११८५९, काठमाडौं, नेपाल
फोन नं. +९७७-१-५०१०११६, ५०१००३३, ५०१०११६
इमेलः **ncf@wlink.com.np, ncfcoop@gmail.com**
वेवसाईटः **www.ncfnepal.com.np**